## भूमि-कृषि सम्वाद श्रृङ्खला

# कृषिमा लकडाउनको असर, प्रयास र आगामी कार्यहरु



संक्षिप्त प्रतिवेदन
१ असार, २०७७

# भूमि-कृषि सम्वाद श्रृङ्खला
# कृषिमा लकडाउनको असर, प्रयास र आगामी कार्यहरु
# १ असार, २०७७

## सुरुवात

कोरोना महामारीको संक्रमण रोकथाम एवं नियन्त्रणका लागि घोषित लकडाउन शुरु भएको अवधी ३ महिना पुग्न हप्ता दिन बाँकी छ ।  यति अप्ठेरो समयमा पनि कृषिकार्य भने निरन्तर जारी छ ।सम्भावित भोकमरी आउन नदिन बाँझो जमिनलाई उपयोगमा ल्याउने अभियान नै चलेको छ । किसानी कर्म हरेक अप्ठेरो द्वन्द्व, प्राकृतिक प्रकोप, युद्ध, महामारी आदि समयमा पनि निरन्तर छ । जोखिम मोलेरै भएपनि किसानले आफ्नो कर्ममा विराम लगाएका छैनन् । यद्धपी किसानहरुले भोगेको चुनौती भने कम छैनन् । लकडाउनले उत्पादन, भण्डारण र बजार व्यबस्थापनमा चुनौती थपेको छ। मुलत निजी समूहको हातमा रहेको कृषि बजारको अहिलेको संरचनामा फेरबदल गर्नुपर्ने विषय सतहमा देखिएको छ । वर्तमान कृषि प्रणालीको गहिरो समीक्षा गरी नयाँ बाटो कोर्नुपर्ने आवस्यकता अझै प्रष्ट भएको छ ।



गढवा, दाङकी बेशनी चौधरी, लकडाउन अवधिमा चिप्ले भिण्डी टिप्दै

यसै सन्दर्भमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र नेपाल कृषि सहकारी केन्द्रिय संघ लिं. को संयुक्त आयोजनामा **'कृषिमा लकडाउनको असर, प्रयास र आगामी कार्यहरु'** बिषयक भर्चुअल सम्वाद

कार्यक्रम आयोजना गरियो । कृषि उत्पादन, व्यवस्थापन र बजारीकरणमा किसानले भोगिरहेका समस्या बाहिर ल्याउने र उत्पादित सामाग्री बिक्रिको तत्काल प्रबन्ध गर्न आवस्यक बाटो पहिल्याउने उद्धेश्य लिईएको थियो । कार्यक्रममा सात प्रदेशका किसान अगूवाको अनुभव, कृषि अभियान्ताको ठम्याई, खुल्ला छलफल, नीति निर्माणकर्ताको धारणा सहीतसमापन गरिएको थियो ।

२०७६ असार १ गते सम्पन्न कार्यक्रममा ५२ जनाको सहभागिता थियो । सम्वादको सहजीकरण सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी अभियान व्यबस्थापक कल्पना कार्कीले गर्नु भएको थियो । सम्वादमा उठेका बिषयबस्तु र विचारहरुलाई अभिलेखन गरी यो संक्षिप्त प्रतिवेदन तयार गरिएको छ।

## किसानको अनुभूति

**बाबुराम दाहाल**
**किसान, गौरादह नगरपालिका, झापा**

### मूल समस्या ढुवानी र माग पनि कम छ ।

हाम्रो समुहमा १०२ जना सदस्य हुनुहुन्छ । २५ जना प्राविधिक शिक्षामा लेभल १ पास गरेका किसान हौं । न्युनतम् २ कठ्ठा जमिनमा अर्गानिक तरकारी खेती सुरु गरेको थियौं । तरकारीको बिक्रीमा समस्या भएकोले घुम्ती समूह निर्माण गरि तरकारी बिक्री गर्न जान्थ्यौं । लकडाउनले यो ठप्प भएको छ । किसानले गरेको लगानी उठ्न सकेको छैन । धेरैले सहकारीबाट ऋण लिएर कृषि कार्य गरेका हौं। अब कसरी यी ऋण तिर्ने भन्ने समस्या छ । तरकारीमा मात्र होइन किसानलाई दुध, कुखुरा, च्याउ बिक्रीमा पनि समस्या छ । अहिले उत्पादन माग भएका बजारमा पुर्‍याउन ढुवानीमा समस्या भएको हो । सरकारले यिनै समस्यामा केन्द्रित भई साना किसानका लागि राहत कार्यक्रम र प्याकेजहरुको सुरुवात गर्नुपर्दछ ।

**शिवराम सफी**
**किसान, सबैला नगरपालिका, धनुषा**

### लगानी पनि नउठ्ने भो ।

बजारको माग कम छ । किसानको उत्पादन केही मात्रामा विक्री भएपनि आम्दानी कम छ । हामीले फर्सी, खरबुजा, काँक्रा र घिरौलाउब्जायौं । यी सबै कुईन थालेका छन् । थोरै मात्र बिक्री भएका छन्। लकडाउनले ढुवानीमा समस्या  छ । गाउँ गाउँमा साईकलमा तरकारी बेच्न गईरहेका छौं । यसरी बिक्री गर्दा लगानी पनि उठ्दैन । खेतमा करेला, भिन्डी, र कोबी छन् । कसरी विक्री गर्ने भन्ने ठूलो चिन्ता छ।

**ल्यामबहादुर दर्जी**
**किसान, फलेबास न.पा., पर्वत**

**ऋण लिएर खेती गर्ने बढि मारमा छन् ।**

अहिले बजार ठप्प भएकोले किसानको आम्दानीको स्रोत नै राकिएको छ । पारिवारिक खेतीमा त्यति समस्या नपरे पनि, विभिन्न सहकारी र बैँकबाट रकम ऋणमा लिई लगानी गरेका किसानहरु ठूलो मर्कामा छन् । किसानलाई दोहारो मार परेको छ । एक कोरोनाको डर छ । अर्को उत्पादन नबिक्ने चिन्ता छ ।

**मोहन बसाल,**
**किसान, शहिद लखन गाउँपालिका, गोर्खा**

**किसानलाई पनि राहत चाहियो ।**

किसानका आम्दानीका स्रोतहरु सुकेका छन् । ऋणमा कृषि गर्नेहरुलाई सबैभन्दा बढि मार परेको छ । सरकारले यी पक्षलाई ध्यानमा लिई छिटो भन्दा छिटो राहत कार्यक्रमहरु घोषणा गर्नुपर्दछ ।

**आशिष आचार्य**
**किसान, लेखबेसी नगरपालिका, सुर्खेत**

**बाहिरबाट आउने तरकारी रोक्नुपर्दछ ।**

बजारीकरणका लागि मुख्य समस्या उत्पादनको ढुवानी गर्न नसक्नु हो । यसका लागि समुहगत रुपमा व्यवसायिक कृषिका लागि पनि प्रदेश सरकारबाट पहल हुन जरुरी छ । स्थानीय तहसँग पनि साना किसान र कृषिमैत्री कार्यक्रम र नीतिको अभावले पनि समस्या उत्पन्न गरेको छ । कृषिको बजेटले बजारीकरणको पाटोलाई वास्ता गरेको छैन । कृषि मैत्री बाटोको अभाव र कृषि प्रविधिमा पनि कर्णाली प्रदेश अरु प्रदेश भन्दा धेरै पछाडि रहेको छ । युवाले सहकारी र अन्य वित्तिय संस्थाबाट ऋण लिएर भए पनि कृषि गर्दैछन्, तर बजारको समस्या र सरकारी बेवास्ताका कारण किसानमा नैरास्यता थपिएको छ । बाहिरबाट आउने तरकारी रोक्नुपर्दछ ।

**सिर्जना चौधरी**
**किसान, गढवा गाउँपालिका, दाङ्ग**

**जमिनको भाडा कसरी तिर्ने ?**

लकडाउनले आवात जावत मुस्किल भएको छ । बिक्री भएपनि न्युनतम रकम समेत पाउन सकिरहेका छैनौं । भाडामा जमिन लिएर खेती गरिरहेका छौँ । अब उत्पादन बिक्री गर्न पाएनौं भने यी जमिनको भाडा कसरी तिर्ने ? बल्लबल्ल उर्बर भएका यी जमिन फेरि छोड्नु परेमा साना किसानलाई ठुलो मर्का पर्छ । यी सबै समस्या र बजारीकरणलाई ध्यान दिई सरकार र गैरसरकारी संस्थाहरुले सहयोग गर्नुपर्दछ।

**रमेश अधिकारी**
**किसान, कालिका गाउँपालिका, रसुवा**

**सबैखाले कृषक समस्यामा छन् ।**

तरकारी उत्पादन देखि माछापालनसम्म सबैको समस्या त्यहि हो । ट्राउट माछालाई समेत खोलामा लगेर छोड्नु पर्ने बाध्यता किसानलाई परेको छ । रसुवामा उत्पादन र निर्यात हुने जडिबुटिहरुको व्यापार पनि ठप्प भएको छ । तर यसमा बजार व्यवस्था र अन्य सुधार नगरेमा समस्या झन विकराल हुँदै जानेछ । यो समस्या समाधानको लागि सम्बन्धित पक्षले तुरुन्त पहली कदम चाल्नु आवश्यक छ।

**सुमन नेपाल**
**किसान, मण्डन देउपुर नगरपालिका, काभ्रे**

**मल पनि पाइएको छैन ।**

काभ्रेका पाँचखाल, पनौती, मण्डन, देउपुर राजधानीलाई खाद्यान्न र तरकारी उपलब्ध गराउने प्रमुख क्षेत्र हुन् । बन्दाबन्दीका कारण तरकारी र अन्य उत्पादन बिक्रीका लागि ठूलो समस्या परेको छ । यस्तै अहिले खेतीको सिजनमा फेरि मलको हाहाकारले किसानको समस्या झन् थपेको छ ।

**किसानहरुका अनूभूति सार संक्षेप**

- स्थानीय र प्रदेश सरकारले उत्पादित वस्तु विक्रीका लागि अल्पकालिन र दिर्घकालिन योजना बनाई तुरुन्त कार्यान्वयन गर्नुपर्दछ ।
- कृषि उपज सामाग्री ढुवानीमा स्थानीय सरकारमार्फत अनुदान वा गाडीको प्रबन्ध गराउनुपर्दछ ।
- कृषकलाई उनिहरुले उत्पादन गरेको उपज विक्री नभएको र किक्री भएपनि सही मुल्य नपाएको हुँदा राहत दिईनुपर्दछ ।

## अभियान्ताको भनाई

**खेम पाठक**
**अध्यक्ष, नेपाल कृषि सहकारी केन्द्रिय संघ लिं.**

लकडाउनको सुरुवातदेखिनै उत्पादन र बजार दुवैमा किसान समस्यामा छन् । आजको छलफलमा पनि अधिकांश किसानले उचित बजार नपाएको र उत्पादन खेर फाल्नु परेको गुनासो गर्नुभयो । ऋण लिएर उत्पादन गरेको तरकारी बिक्री नहुनु र भएपनि उचित मूल्य नपाउनु मुख्य समस्या हो । किसानले यस्ता समस्या द्वन्द्वकालदेखि भुकम्प हुँदै कोरोनाको महामारीसम्म भोग्दै आएका छन् ।

समस्याले समाधानको बाटो पनि देखाउँछ । साना किसान सहकारीको माध्यमबाट उत्पादित तरकारी बिक्री वितरणका लागि हामीले प्रयास गरिरहेका छौं । भूमि व्यबस्था, सहकारी तथा गरिबी निवारण, अर्थ, कृषि विकासमन्त्रालय र योजना आयोगमा समेत पत्रहरु पेश गरि कोभिड १९ पछिको अवस्थामा बजार सुधार र कृषि प्राथमिकिकरणका लागि निरन्तर प्रयास गर्दै आएका छौँ ।

किसानको उत्पादन हुनु अगावै नै सिजन अनुरुपको उत्पादनको न्यूनतम मूल्य तोकिनुपर्दछ । हरेक स्थानीय तहमा संकलन केन्द्र स्थापना गर्नुपर्दछ । जहाँ किसानको उत्पादन सजिलै संकलन हुन्छ र त्यहाँबाट ढुवानी गर्न सकिन्छ । यसका लागि सहकारीहरुले अगुवाई गर्नुपर्दछ । ढुवानीको सहुलियत व्यवस्थाका लागि स्थानीय र प्रदेश सरकारले सहयोग गर्नुपर्दछ । यसरी संकलन केन्द्रमा संकलन भएका तर बिक्री हुन नसेका उत्पादनको क्षतिपूर्ति सरकारले प्रदान गर्नुपर्दछ । यी व्यवस्था केन्द्र, प्रदेश र स्थानीय तिनै तहको सरकारले अवलम्बन गरेमात्र किसानले ढुक्कसँग खेती गर्न सक्छ ।

यसलाई सरकारले केही हदसम्म आफ्नो नीति तथा कार्यक्रममा ल्याएको छ । स्थानीय सरकार, सहकारी र विभिन्न संघसंस्थासँगै मिलेर जानुपर्छ । स्थानीय तहसँग स्रोत, सहकारीसँग जनसंगठन र सीप तथा संघसस्थासँग प्राविधिक ज्ञान छ । अहिले किसान भन्दा पनि बिचौलिया र निजी व्यपारीको बजार छ । ठूलो बजारमा किसानले आफ्नो उत्पादन बिक्री गर्न स्थान छैन । त्यसैले कृषि उत्पादन र बजार व्यवस्थापन दुवै विषयलाई एकै साथ लिएर नेपाली कृषि र कृषकको उन्नती गर्न सकिन्छ ।

**डा. सुजाता तामाङ**
**कृषि अभियान्ता, फरेस्ट एक्सन**

कोभिडले किसानमा समस्या थपेको छ । समस्याका कारणहरु भने धेरै समय देखि एउटै छ । साना किसानको उत्पादनको लागि जमिनमा पहुँच नहुनु, कमजोर ढुवानी सेवा र सिँगो वितरण प्रणाली नै विचौलियामुखी हुनु । बन्दाबन्दीले उत्पादित कृषि उपजको बजारीकरणमा थप समस्या उत्पन्न भएको छ । बजारमा केहि उत्पादन बिक्री भए पनि उचित मूल्य पाउन सकिरहेका छैनन् । यसको कारण पनि मुल्य निर्धारण विधि प्रणाली नहुनु हो । त्यसैले यी समस्याको समाधानका लागि पहिलेका समस्याहरुलाई समाधान गर्दै आउन जरुरी छ । यसका लागि अहिले मुख्य अवसर स्थानीयतहको सरकार र स्थानीयतहमा नै भएका कृषि कार्यालय, कृषक समूह तथा संघ संस्था रहेको छ । अहिलेको वितरण प्रणालीमा उत्पादन संकलन गरेर बाहिरी बिक्री गर्ने र आफुलाई चाहिएमा महँगो रकम तिरेर आयात गर्ने प्रवृती बढि छ ।

अब दिगो वितरण प्रणालीतर्फ हामी अग्रसर हुनुपर्दछ । आत्मनिर्भरता स्थानीय तहबाटै सुरु गर्नुपर्दछ। प्राविधिक सहयोग, सरल कर्जा, उन्नत प्रविधि, र स्थानीय स्रोतको उपयोगमा केन्द्रित रहनुपर्दछ । यसरी दिगो कृषितर्फ जाँदा भने हाम्रो रैथाने बजार, र प्रणालीलाई पनि आत्मसात गर्न जरुरी छ ।

## खुल्ला छलफल

**सरस्वती सुब्बा**
**अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च**

बन्दाबन्दीले किसानलाई नोक्शानीमा पारेको छ । ठम्याउन र गर्न सके कृषि क्षेत्रमा भने अवशर पनि छन् ।सातै प्रदेशले कृषिलाई प्राथामिकता राखेर बजेट निर्माण गर्दैछ । कर्णाली प्रदेशले एक स्थानीय तह एक अन्न भकारी राख्ने निर्णय गरेको छ । स्थानीय तहले बाँझो रहेको जमिनलाई उपयोग गर्ने अभियान शुरु गरेका छन् । यसले साना किसान, भूमिहीन र भूमि अधिकारबाट वञ्चित समुदायसँग कृषिका लागि जमिन नभएका र थोरै भएकाका लागि थोरै भएपनि अवसर ल्याएको छ । किसानको

हातमा जमिन हुने स्थिती नबनाई कृषि क्षेत्रलाई उकालो लगाउन सकिदैंन । यसमा तर्फ सबैको ध्यान जानुपर्छ ।

**नवराज बस्नेत**
**अध्यक्ष, राष्ट्रिय कृषक समूह महासंघ नेपाल**

विभिन्न स्थानमा लकडाउनको अवज्ञा गरेको भन्दै किसानको उत्पादन नलग्ने र खेती गर्न नदिने कार्य भए । यसमा लकडाउनमा कसैले घरको दैलो नाघ्न नहुने गलत बुझाई रहेको थियो । विशेष गरी खेती लगाउने भित्राउने, पशु स्याहार, र उत्पादन बिक्रीमा भने बन्दाबन्दी खुला हुनुपर्दछ । यसमा कमजोरी तहगत सरकारको बुझाई र समन्वयको अभाव हो । यसका लागि नीतिगत पहल गर्न आवश्यक छ। युवाहरु गाउँ फर्केर खेत खन्न थालेका छन् । अब यी युवालाई फेरि काठमाडौं र विदेश पलयानबाट रोक्न नीतिगत तहमा नै किसानमैत्री कार्यक्रम निर्माण गर्नुपर्दछ । यसमा तिनै तहका सरकार र सम्बन्धित संस्था तथा समूहले पहलको सुरुवात गर्नुपर्दछ ।

**जगत बस्नेत**
**वकालत, अध्ययन तथा निती विश्लेषक, आत्मनिर्भर केन्द्र**

साना किसानलाई जमिन, सूचना, पुँजी र प्रविधिमा पहुँच पुर्‌याउनु पर्छ । यसपछि मात्र किसान कृषि गर्नका लागि तत्पर हुन्छन् । स्थानीय तहले आफुलाई आत्मनिर्भर बनाई निर्यात गर्न अग्रसर नीति र कार्यक्रमहरु निर्माण र सञ्चालन गर्नुपर्दछ । हरेक उत्पादनको सर्मथन मुल्य स्थानीय तहले तय गर्नुपर्दछ। कृषि सहकारी पसल राष्ट्रिय र स्थानीयतहमा सञ्चालन गरी वितरण प्रणाली बिचौलियाको कब्जाबाट निकाल्नु पर्दछ । अहिले लकडाउनेले कृषि उपज बिक्री रोकिएको छ, र तरकारीहरु कुहिन थालेका छन् । हरेक स्थानीय तहले शित भण्डारण र बढि उत्पादन हुने बालीको प्रशोधन केन्द्रकोस्थापना गर्नुपर्दछ। भूमि, कृषि र बजारमा कार्यरत सबै सरकारी तथा गैरसरकारी संस्था, समूह, मञ्च, र संगठनहरुको समन्वयमा कृषि विकासका लागि एकिकृत कार्यहरु सञ्चालन गर्नुपर्दछ ।

**भोला खतिवडा**
**व्यवसायिक कृषक**

कृषकलाई उत्पादनको बिमा मात्र भएपनि अहिले ठुलो सहयोग हुन्थ्यो । तर सरकारले तोकेका बिमा कम्पनी कृषकको उत्पादनको बिमा गर्न चाहँदैनन् । कृषि ऋण जति भनिन्छ त्यति सरल छैन । प्रक्रियाहरु व्यवहारिक बनाएर कृषकलाई प्रोत्साहन गर्नुपर्दछ। यस्तै अहिलेका ज्ञान केन्द्रले किसानलाई प्राविधिक सहयोग गर्दैनन् ।

**दयासागर श्रेष्ठ**
**राष्ट्रिय दिगो विकास अभियान**

खाद्य बैंकमा आयातित वस्तुभन्दा स्थानीय उत्पादन राख्नुपर्दछ। यस्तै उत्पादक र उपभोक्ता बीचको दूरी घटाउनु आवस्यक छ । यसका लागि सहकारीको भूमिका मूख्य हुन्छ । कृषि विकासमा स्थानीय सरकारको भूमिकालाई अझै वृद्धि गर्नुपर्दछ ।

**दिपेन्द्र बहादुर क्षेत्री**
**पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग**

कृषि उत्पादन र बजारीकरण सामूहिक कार्य हो । तर कोभिडले कृषिलाई निजीरुपमा पनि सोच्नुपर्ने वातावरण ल्याएको छ । कृषिको धेरै अगाडि देखिको समस्या जमिनको स्वामित्व नहुनु हो र भएको जमिनले वर्षभरि भएको उत्पादनले खान नपुग्नु हो । यसले धेरै श्रमिक कृषिबाट बाहिरिएर विदेशिएका हुन् । तर अहिले कोभिडले फेरि सबैलाई कृषिमा नै फर्कनुपर्ने अवस्था ल्याईसकेको छ । तत्कालको लागि बाँझो जमिन व्यवस्थापनमा कार्य गरेपनि कालान्तरमा बजारीकरणमा ध्यान दिँदै अघि बढ्नु पर्दछ । यहि समयमा कृषि एम्बुलेन्सको अवधारणा र प्रयोग पनि भैरहेका छन् । तर अन्य स्थानीय निकायबाट सिकाई र प्रयोगमा भने ल्याउन सकिरहेका छैनन् । यी सिकाई आदानप्रदान नियमित गर्नुपर्दछ । सामूहिक खेतीलाई प्रर्वद्धन गरे थोरै जमिनबाट धेरै उत्पादन गर्न सकिन्छ र बजारीकरण पनि सामूहिकरुपमा नै हुन्छ । यस्तै केही समस्या आए पनि सामूहिक रुपमा जोखिम न्यूनिकरणका लागि पनि यो उपयोग गर्न सकिन्छ । यिनै विषयलाई सहकारी र सरकारले मध्यनजर गर्दै योजना निर्माण गर्नुपर्दछ ।

**राजेन्द्र प्याकुरेल**
**गाउँपालिका राष्ट्रिय महासंघ**

महासंघल ४६० वटा गाउँपालिकालाई १९ क्लस्टरमा विभाजन गरेर आगामी बजेट तथा नीति कस्तो हुनुपर्छ भन्ने विषयमा बहस सञ्चालन गरेका छौँ । र सबैको योजनामा पहिलो स्वास्थ्य र दोस्रो कृषिलाई प्राथामिकता र रोजगारमा राख्नका लागि छलफल भएको छ । यस्तै कृषिका लागि गरिएको सम्पूर्ण कार्यक्रमहरु स्थानीय सरकारकै मातहतमा कार्यान्वयन गर्नका लागि पनि छलफल गरेका छौं। र मन्त्रालयबाट यसका लागि सकरात्मक पहल पनि भएको छ । सबै स्थानीय तहको अब ध्यान कृषिमा नै रहेको छ ।

**खुल्ला छलफलको सार :**

- स्थानीय तहको सहयोग र संरक्षणमा स्थानीय कृषि सहकारीको अगुवाईमा हुनेगरी कृषि उपज संकलन केन्द्र र बजार व्यवस्थापन प्रणालीको विकास गर्नुपर्दछ ।
- सामूहिक व्यवस्थापनको खेतीलाई तीनै तहको सरकारले प्रर्वद्धन गर्नुपर्दछ । यो अभ्यासले थोरै जमिनबाट धेरै उत्पादन गर्न सकिन्छ र बजारीकरणलाई पनि सघाउ पुऱ्याउँछ ।
- भूमि, कृषि र बजारमा कार्यरत सबै सरकारी तथा गैरसरकारी संस्था, समूह, मञ्च, र संगठनहरुको समन्वयमा कृषि विकासका लागि एकिकृत योजना र कार्य निर्माण गर्नुपर्दछ । उनिहरु स्थानीय तहमा एकै ठाउँमा आउनुपर्दछ ।
- स्थानीय तहको असल अभ्यासलाई प्रदेश सरकारले अन्य क्षेत्रमा विस्तार गर्नुपर्दछ ।
- कृषिको धेरै अगाडि देखिको समस्या जमिनको स्वामित्व नहुनु हो र भएको जमिनले वर्षभरि भएको उत्पादनले खान नपुग्नु हो । यी विषयको सम्बोधन गर्नुपर्दछ ।
- कृषि सहकारीको माध्यमबाट कृषि सहकारी पसल राष्ट्रिय र स्थानीयतहमा सञ्चालन गरी वितरण प्रणाली बिचौलियाको कब्जाबाट निकाल्नु पर्दछ ।
- कृषि ऋण लिने प्रक्रियालाई सरलीकृत गर्नुपर्दछ ।

- ज्ञान केन्द्रलाई स्थानीय तहको मातहतमा ल्याई कृषि सिजन अनुरुप प्राविधिक सहयोग गर्नुपर्दछ ।

## स्थानीय तह, सरकारी निकाय एवं नीति निर्माताहरुको भनाई

**दुर्गा कुमार थापा**
**प्रमुख, बेलका नगरपालिका उदयपुर**

कोभिड १९ ले ल्याएको यो महामारीको रोकथामका लागि बेलका नगरपालिकाले कोभिडसँग निरन्तर लड्ने र उत्पादन नियमित गर्ने लक्ष्य लिएका छौँ । यसका लागि हामीले *"उत्पादनको दोस्रो वर्ष, कोरोना विरुद्धको संघर्ष"* नारा सहितको यस वर्षको कार्यक्रम र बजेट ल्याउन गृहकार्य गरिरहेका छौँ ।

अहिले गरिरहेको प्रयासमा, पहिलो विदेशबाट फर्कने करिब चार हजार युवालाई केन्द्रित गरी अनलाईनको माध्यमबाट कृषि उद्यम छान्ने र लगानी गर्ने व्यवस्था छ। यस्तै सहकारीको अवधारणालाई लागु गरि साझा सहकारी निर्माण गरेका छौँ । यसले सबै कृषि र पशु जन्य उत्पादनको बिक्री मूल्य तोक्ने र संकलन केन्द्रको रुपमा उत्पादन खरिद गर्ने तथा सुपथ मुल्य पसलको माध्यमबाट बिक्री वितरण गर्ने योजना बनाएका छौँ । तेस्रोमा उत्पादन र उत्पादकत्व बृद्धिका लागि कस्टम हाईरिङ्ग विधि, बिउ संकलन केन्द्र स्थापना गर्ने र किसानहरुको परिचय पत्र वितरण गर्ने तथा चक्लाबन्दी खेतीका लागि प्रेरित गर्ने कार्यक्रम छन् । यस्तै भूमि कृषि परिवेश अध्ययन अर्न्तगत अनौपचारिक भूमिलाई औपचारिक बनाउनका लागि पालिकाको ६ वडामा अध्ययन बन्दाबन्दीकै बीचमा गर्दैछौं । यसै अर्न्तगत यहि वर्ष नौ वटै वडाका जनताको भूमि माथि अधिकार सुनिश्चित गर्ने लक्ष्य लिएका छौँ ।

**सहज राम यादव**
**अध्यक्ष, गढवा गाउँपालिका दाङ**

गढवा गाउँपालिकाले किसानको उत्पादन बजारमा पुऱ्याउनका लागि निरन्तर पहल गरिरहेको छ । तर पनि किसानको उत्पादनको उचित मूल्य नपाउन समस्या भने अझै रहिरहेको छ। यो लकडाउनले अन्य देशबाट उत्पादन आयात गरी धान्न नसकिने र नहुने सिकाई गाउँपालिका र सिंगो देशलाई नै दिईसकेको छ। आफ्नो लागि आँफै उत्पादन गर्न यो कोभिड १९ ले राम्रो पाठ सिकाएको छ। यदि यो गर्न सकेनौं भने कोभिड सँगसँगै भोकमरीसँग पनि हामीले लड्नु पर्ने हुन्छ। यसका लागि हामीले गढवा गाउँपालिकामा बाँझो जमिन राख्न नपाउने नियम पारित गरेका छौँ । कि त जग्गाधनीले जमिन उपयोग गर्नुपऱ्यो। नभए प्रयोग गर्ने किसानलाई दिनुपर्ने नियम छ। यसका लागि गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ र प्रति कठ्ठा जमिनको सात सयमा किसानले उपयोग गर्न पाउनेछन् । यस्तै देश र विदेशबाट गाउँपालिका फर्केका युवालाई केन्द्रित गरी यस्तै जमिनमा कृषि कार्यक्रम सञ्चालन गर्ने लक्ष्य छ। यस्तै प्रधानमन्त्री कृषि रोजगार कार्यक्रम अर्न्तगत गाउँपालिकाको वडा नं. १ मा राप्ती नदी उकास जमिनमा तटबन्धन गरी जमिन निकालेका छौँ। यहाँ पनि सामूहिक खेतीको लागि किसानलाई प्रोत्साहन गर्दैछौँ। यस्तै किसानको उत्पादकत्व बृद्धिका लागि बीउ र मलको व्यवस्था गर्न पहल गर्दैछौँ । यसका लागि सहकारी र संघसंस्थाहरुसँग पनि सहयोगको लागि अपिल

गरेका छौँ । सबैको पहलमा गढवाको जनसंख्यालाई आवश्यक खाद्यान्न, तरकारी, दाल र अन्य उत्पादनको तथ्याङ्क लिई, पालिका भित्रनै पकेट क्षेत्र पहिचान गरी स्थापना गर्ने र निर्यातबाट आयातमा जाने लक्ष्य लिएका छौँ ।

**निर्मल गदाल**
**प्रमुख, बागमती प्रदेश कृषि ज्ञान केन्द्र, ललितपुर**

कृषि विकासको लागि कोभिड १९ ले राम्रो अवसर प्रदान गरेको छ । यस अवसरलाई उपयोग गर्न सक्यौँ भनै नेपालको समृद्धि कृषिबाट नै सम्भव तुल्याउन सकिन्छ। यसका लागि देशभर रहेको बाँझो जमिन उपयोगका लागि पहल र कार्यक्रम ल्याउनुपर्छ । नेपालको दुईतिहाई खेती प्रणाली सिमान्त छ। साना किसानहरु पुर्णरुपमा व्यावसायिक खेतीमा लाग्न सकेका छैनन् । अहिलेको सन्दर्भमा देश विदेशबाट फर्केका युवा जमातलाई कृषिमा ल्याउने कार्यक्रम तथा नीति तीनै तहका सरकारले गर्नुपर्दछ । कृषि उद्योगको सशक्तिकरण र विस्तारलाई पनि अब प्राथमिकिकरण गर्नुपर्दछ । यी उद्योगले कच्चा पदार्थ जुन देशबाट आयात गर्छन तिनै देशका प्रशोधित उत्पादनसँग प्रतिस्पर्धा गरिरहेका छन् ।सरकारी, नीजि र सहकारीको एकिकृत ढाँचा निर्माण र साझेदारी गरी कृषिमा लगानी हुने स्थिती हुनुपर्छ । न्युनतम सर्मथन मूल्य तोक्ने र कार्यान्वयन गर्नका लागि यो साझेदारी अति आवश्यक छ । अन्त्यमा बेलका नगरपालिकाले निर्माण गरेको झैँ कोपिङ् रणनीतिलाई देशव्यापीरुपमा प्रचार र निर्माण गर्‍यौँ भने कोभिडले नेपाली कृषि निर्माणको लागि सुनौँलो अवसर हुन सक्दछ ।

**मा. दिल बहादुर गुरुङ्ग**
**सदस्य, राष्ट्रिय योजना आयोग**

योजना आयोगले सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम जुन विभिन्न २३ बुँदामा समेटिएको छ । त्यसलाई ल्याउन सहयोग गरेको छ । ती विषयहरु बजेटमा १६ बुँदामा समेटिएको छ । यी कार्यक्रमहरुको नियमित अनुगमन र मुल्याङ्कन पनि आयोगले गर्छ ।

यस्तै उत्पादनको थलोको सवभन्दा नजिक स्थानीय तह रहेको छ । त्यहाँ कृषि व्यवसायिकरण, प्रविधिको पहुँच र युवा परिचालनलाई फास्ट ट्र्याकमा परिचालन गर्न सरकार र आयोग लागिपरेको छ । यस्तै योजना आयोगले कोभिडको असर र आगामी कदमको अध्ययन गरिरहेको छ र असार मसान्तसम्म यसको निष्कर्ष प्रकाशन गर्नेछौँ । यसमा मुख्य फोकस कृषि, सहकारी र गरिबी निवारणको क्षेत्रलाई गरेका छौँ । यस्तै खाद्यका लागि गरिने आयात निर्यात प्रणालीले हाम्रो खाद्य सुरक्षामा कस्तो असर पुर्‍याएको अध्ययन पनि आयोगले गर्दैछ । यस्तै अहिलेको बजार र बजार प्रणालीको कार्यान्वयन अवस्था र कोभिड १९ पछिको अवस्था सुधारका लागि कस्तो खालको नीति, लगानी र बजेट चाहिन्छ भन्ने विषयमा पनि अध्ययन गर्दैछौँ । यीनै अध्ययनमा नै टेकेर योजना आयोगले आगामी फ्रेमवर्क, योजना, र बजेट निर्माण गर्न सरकारलाई पेश गर्नेछौँ ।

बन्दाबन्दीको अवधिमा वितरण प्रणालीलाई तुरुन्त सुधार गर्नुपर्ने देखियो । हाम्रो सबै उत्पादनलाई खाद्य प्रणालीसँग जोड्नु पर्ने र मूल्य श्रृङखलाको विकासमा जोडदिनुपर्ने कुराहरु आयोगले सिकेको छ। कोभिड १९ ले कृषिलाई अवसर नै अवसर ल्याएको छ र यी सबै अवसरका लागि योजना आयोगले सरकारलाई सहयोग गर्नेछ ।

**मा. पूर्णा कुमारी सुवेदी**
**सभापति, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति**

किसानहरुको उत्पादित वस्तुको उचित बजारीकरणको समस्यामा केन्द्रित रहेर समितिले उद्योग, कृषि र गृह मन्त्रीहरुसँग छलफल र उत्पादन बजारमा पुऱ्याउनका लागि निर्देश गरेको छ । सबै स्थानीय तहले अब कृषि आत्मनिर्भरतातर्फ अग्रसर हुनुपर्छ । आज बेलका नगरपालिकाको प्रमुख र गढवा गाउँपालिकाको अध्यक्ष बाट यस क्षेत्रमा राम्रा प्रयास गरिरहेको बुझियो। उत्पादन बृद्धि, भण्डारण, र प्रशोधनलाई पनि कृषिकै अङ्गको रुपमा मानी यसैले बिचौलियाको हातबाट झिकेर सिधै उपभोक्ताको हातमा लग्नका लागि सबै तहका सरकार अघि बढ्नुपर्दछ ।

यस अवस्थामा पनि निरन्तर लागिरहुन भएका किसानलाई केन्द्रित गरी उत्पादनको विषयमा नीति निर्माणका लागि हामी पनि निरन्तर छलफल गर्दैछौँ । देश र विदेशबाट आएका युवाले बाँझो जमिनमा तरकारी खेती सुरु गरेका छन् ।सबै स्थानीय तहले आफ्ना नागरिकलाई आवश्यक उत्पादन, सहकारी संख्या तीनको उत्पादन बिक्री गर्ने क्षमताको विषयमा आँकलन गरी नयाँ रणनीति लिनु पर्दछ । त्यस्तै कति उत्पादन पालिकामै खपत हुने र कति उत्पादनको लागि बजार खोज्नुपर्ने तथ्याङ्कका आधारमा नीति तथा कार्यक्रम स्थानीय तहले निर्माण गर्नुपर्दछ ।

रैथाने बीउको संरक्षण र प्रर्वधनले असल अर्थमा आत्मनिर्भरतातर्फ डोऱ्याउँछ । यी सबै विषय सम्बन्धित योजना स्थानीय तहले निर्माण गर्नुहोस् । र यसका लागि आवश्यक केन्द्र र समितिलाई पनि खबर गर्नुहोस् । अहिले यस समिति र सरकारनै किसानको संरक्षण, कृषि पेशामा सुरक्षा, तालिम, पुँजी, र स्रोत पहुँच गर्ने नीतिसाथ अघि बढेको छ । कोभिड १९ पछि सबै मिलेर कृषि सुधारबाट नै समृद्धितर्फ लाग्नुपर्दछ ।

## समापान

**रुद्र भट्टराई,**
**महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रिय संघ लि.**

आजको प्रमुख उद्देश्य भनेको कोभिड १९ ले कृषिमा गरेको असर, सरकारले गरेको प्रयास तथा अब गर्नुपर्ने कार्यको विषय छलफल गरि साझा योजना ल्याउनु थियो । सरकार, सहकारी, र संघ संस्थाले कोभिड १९ पछि प्राथमिकता दिनुपर्ने कार्यहरुको पहिचान गर्न हामी सफल भएका छौं । किसानहरुको मूख्य समस्या उत्पादनको बजारीकरण, र खेतीको समयमा मल खाद्य अभाव हो । सबैको भनाई अनुरुप कोभिड १९ ले नेपाली कृषि, बजार प्रणाली र मुल्य श्रृङखला सुधारका लागि मौका प्रदान गरेको छ । यसका लागि सबै सम्बन्धित सरोकारवाला तथा निकायहरुले अब स्पष्ट योजना सहितको कार्य सञ्चालन गर्नुपर्दछ ।

यसका लागि मूख्यरुपमा सरकारले भारत र तेस्रो मुलुकबाट निश्चित कृषि उपज आयत गर्न रोक्ने नीति तुरुन्त अवलम्बन गर्नुपर्दछ । यसले मात्र पनि स्थानीय उत्पादनको बिक्रीमा ठूलो सहयोग हुनेछ। यस्तै बिमाको विषयमा पनि व्यवसायिक बिमा कम्पनीहरुले गरिब किसानको उत्पादन बिमा गर्न मान्दैनन् । त्यसैले बिमा कार्यक्रममा स्थानीय निकाय वा कृषि सहकारीको माध्यमबाट लागु गर्नुपर्दछ।

सहकारीको बजार व्यवस्थापनको विषयमा कुनै एक निकायले मात्र सबै समस्याको समाधान गर्न सक्दैनन् । यसका लागि सबैको सामूहिक प्रयास आवश्यक छ । र सबैको प्रयासले नै कोभिड १९ को

चुनौतीलाई कृषिका लागि अवसरमा बदलिन सक्छ। सबैलाई धन्यवाद् दिदैं आजको कार्यक्रम समापन गर्दछु।




कृषिमा लकडाउनको असर, प्रयास र आगामी कार्यहरु भर्चुअल संवाद तस्बीरमा